## नगर कार्यपालिकाको बैठक आ.व. २०८०/०८१

मिति :- २०८० साल माघ २२ गते सोमबार  समय :- विहान ११:०० बजे

अध्यक्ष :-नगर प्रमुख श्री विरेन्द्र माझी

उपस्थिति

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | उप-प्रमुख | सरिता देवी सिपलिया यादव | |
| २ | वडा अध्यक्ष | सुरेन्द्र मण्डल | |
| ३ | वडा अध्यक्ष | सन्तोष कुमार यादव | |
| ४ | वडा अध्यक्ष | विजय कुमार यादव | |
| ५ | वडा अध्यक्ष | मौली कुमार मण्डल | |
| ६ | वडा अध्यक्ष | बुद्धिमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | रामनारायण मण्डल | |
| ८ | वडा अध्यक्ष | राजेश्वर ठाकुर | |
| ९ | वडा अध्यक्ष | अजय यादव | |
| १० | वडा अध्यक्ष | हरिश्चन्द्र वर्मा | |
| ११ | वडा अध्यक्ष | रामलखन मण्डल | |
| १२ | वडा अध्यक्ष | साकिर खाँ | |
| १३ | वडा अध्यक्ष | श्रीचन्द्र मुखिया | |
| १४ | वडा अध्यक्ष | कुशेश्वर यादव | |
| १५ | वडा अध्यक्ष | कृष्ण कुमार यादव | |
| १६ | नगर कार्यपालिका सदस्य | कौशल्या देवी मण्डल | |
| १७ | नगर कार्यपालिका सदस्य | चन्द्रा कुमारी | |
| १८ | नगर कार्यपालिका सदस्य | मञ्जुली देवी पासमान | |
| १९ | नगर कार्यपालिका सदस्य | रविना खातुन | रविना |
| २० | नगर कार्यपालिका सदस्य | राजकुमारी सदा | |
| २१ | नगर कार्यपालिका सदस्य | धिरेन्द्र कुमार राम | |
| २२ | नगर कार्यपालिका सदस्य | राजनारायण साह | |
| २३ | नगर कार्यपालिका सदस्य | लखेन्द्र ठाकुर | |
| २४ | सचिव | किशोर कुमार राम | |

सहयोगी कर्मचारी

१. संजय यादव - कम्प्युटर अपरेटर

जम्मा उपस्थिति :- १४ जना
गणपूरक संख्या :- १३ जना

प्रजापति

प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित

प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरु

१. नगर क्षेत्र भित्रको बजार तथा हटिया व्यवस्थापन सम्बन्धमा ।
२. नगरपालिका कार्यलय क्षेत्र भित्रको जग्गा व्यवस्थापन सम्बन्धमा ।
३. विधालय व्यवस्थापन सम्बन्धमा ।
४. नेपाल सरकारको अधिनमा रहेको बाटो, एलानी प्रति जग्गा खाली गराउने सम्बन्धमा ।
५. वडा नं. २, ९, १०, १२ र १३ को योजना पेश सम्बन्धमा ।
६. विविध सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका कार्यालय अगाडी लाग्दै आएको हटियालाई नगरपालिका गेट देखी दक्षिण तर्फ लगाउने र हटिया क्षेत्र भित्रको सार्वजनिक जग्गा खालि गराई आवश्यक स्थानमा माटो ग्राभेलको व्यवस्था गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

निर्णय नं २ प्रस्ताव नं. २ र ४ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिका कार्यालय क्षेत्र वरिपरिका वसोबास गर्ने सर्वसाधरणहरुले आ-आफनो जग्गाको सक्कल प्रमाणपत्र सहित कार्यालयमा पेश गर्नु हुन ३५ दिने सूचना प्रवाह गर्ने निर्णय सर्वसम्मतिबाट गरियो । साथै हनुमाननगर कंकालिनी नगरपालिका कार्यालयको अतिक्रमण भएको सार्वजनिक जग्गा खालि गराउने समिति तपसिल बमोजिमको सदस्य रहने निर्णय गरियो ।

### तपसिल

१. श्री विरेन्द्र माझी - अध्यक्ष
२. सम्पुर्ण कार्यपालिका सदस्य ज्युहरु - सदस्य
३. वातावरण तथा सरसफाई उपशाखा प्रमुख - सदस्य सचिव

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका सार्वजनिक विद्यालयहरुमा नगर, स्तरीय शिक्षा समितिबाट अनुगमन भई अनुगमन प्रतिवेदन कार्यपालिकामा पेश भए बमोजिम आवश्यक बजेटको व्यवस्था गरि विद्यालय सुधार तर्फको कार्य संचालन गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

निर्णय नं ४ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको आ.व. २०८०/८१ को १२ औं नगर सभामा वडा स्तरीय विनियोजित रकम मध्ये वडा नं. २, ९, १०, १२ र १३ ले योजना पेश नगरेकोले कार्यपालिकाको बैठकबाट उक्त वडाहरुले योजना पेश गरे पश्चात संचालन गर्न सकिने निर्णय भएको तर हाल सम्म पनि उक्त वडाहरुबाट योजना पेश नभएकोले बाँकी वडाहरुको वडा स्तरीय कार्यक्रमहरु संचालन गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

निर्णय नं ५ प्रस्ताव नं. ६ माथि छ छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिकाबाट कर्मचारी भर्ना सम्बन्धि सूचना प्रकाशन गरिए बमोजिम तयार गरिएको स्थानीय तह अन्तर्गतको ईन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृत छैठौं तह, सिभिल इन्जिनियर पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम र कृषि स्नातक अधिकृत छैठौं तहको पाठ्यक्रम स्वीकृत गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

CamScanner

निर्णय नं ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल सरकार गृह मन्त्रालय अध्यागमन विभागको च.नं. १०५० मिति २०८०।१०।०९ गतेको पत्रानुसार भिजिट भिसा सम्बन्धि सचेतना कार्यक्रम संचालन गरी नगरवासीहरुलाई सचेत गराईदिनुहुन अनुरोध बमोजिम यस पालिकाको प्रत्येक वडामा भिजिट भिसा सम्बन्धि सचेतना कार्यक्रम अडियो/भिडियो माध्यमबाट संचालन गर्ने निर्णय सर्वसहमतिबाट गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरकार्यपालिकाको कार्यालय तथा मातहतमा कार्यरत रहेको करार तथा ज्यालादारी कर्मचारीहरुको करार सम्झौता म्याद पुष मसान्तमा समाप्त भएको र करारमा कार्यरत कर्मचारीहरुलाई नगरपालिकको आन्तरीक आम्दानीबाट तलव भत्ता व्यवस्थापन गर्नु पर्ने भएकोले अत्याधिक आर्थिक भार समेत पर्ने देखिएकोले तपशिल बमोजिमको कर्मचारी व्यवस्थापन समिति मार्फत सिफारिस भई आएको करार तथा ज्यालादारि कर्मचारीहरुको म्याद थप गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

तपसिल

१. श्री साकिर खाँ - संयोजक
२. श्री रांजेश्वर ठाकुर - सदस्य
३. श्री सुरेन्द्र मण्डल - सदस्य
४. श्री लेखेन्द्र ठाकुर - सदस्य
५. श्री कर्मचारी प्रशासन शाखा प्रमुख- सदस्य सचिव

निर्णय नं. ८ प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस हनुमाननगर कंकालिनी नगरपालिकाको स्वास्थ्य शाखाबाट आखाँ शिविर संचालन भएकोमा कार्यक्रम समापन पश्चात रकम रु. १,५५,०००।- अपुग भएकोमा सो कार्यक्रमको लागि थप रकम रु. १,५५,०००।- अक्षेपी रु एक लाख पचबन्न हजार विनियोजन गर्ने गरि नगर सभामा पेश गर्ने निर्णय सर्वसम्मतिबाट गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ६ माथि छलफल गर्दा पालिकामा विभिन्न मितिमा प्राप्त आर्थिक सहयोग सम्वन्धि निवेदन अनुसार वडा नं. ०१ बस्ने श्री जोगिन्द्र रामको छोरा श्री हरेराम राम अति विपन्न र दलित समेत भएकोले आयुर्वेद MBBS अध्ययन गर्न लाई आर्थिक सहयोग बापत रकम रु. ७५,०००।- (अक्षरेपी रु. पच्हत्तरी हजार मात्र) र वडा नं ८ बस्ने दिनेश बुधलगरियाको छोरा साबिन बुधलगरियाको दुवै मृगौलामा समस्या देखिएकोले निजलाई आर्थिक सहयोग बापत रकम रु. २५,०००।- (अक्षरेपी रु. पचिस हजार मात्र) अन्य सेवा शुल्क आर्थिक सहयोग कार्यक्रम शिर्षकबाट उपलब्ध गराउने निर्णय सर्वसम्मतिबाट गरियो ।

निर्णय प्रमाणित